स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड अभिनेता सलमान खानलाई धम्की दिने गीतकार सोहेल पाशालाई मुम्बई प्रहरीले मंगलबार पक्राउ गरेको छ। उनलाई कर्नाटकको रायचुरबाट पक्राउ गरिएको हो। नोभेम्बर ७ मा, मुम्बई प्रहरीलाई धम्कीपूर्ण सन्देश आएको थियो। यसमा सलमान र लरेन्समाथि एउटा गीत लेखिएको बताइएको थियो। गीत लेख्नेलाई एक महिनाभित्र मारिने र उसको हालत यस्तो बनाइने कि आफ्नै नामबाट गीत लेख्न नसक्ने भनिएको थियो ।

**आजको विचार...**



सहकारी...
(दुई पेजमा)

प्रकाश नेपाल



अभिनेता सलोन बस्नेतलाई फिल्म 'रंगी'को छायांकन नसकिँदै विदेश राइट्सबाट पैसा आउन थालेको छ। तिहारअघिदेखि काठमाडौं आसपासका क्षेत्रमा छायांकन भइरहेको फिल्मको आशिष इन्टरटेनमेन्टले मध्यपूर्व र मलेसियाका लागि प्रदर्शन अधिकार खरिद गरेको छ। सुरेश न्यौपानेको निर्देशनमा तयार भइरहेको फिल्ममा सलोन बस्नेत स्वयंको मुख्य भूमिका छ भने नम्रता श्रेष्ठ, दीलिप रायमाझी, आयुषी ढकाल (बाल कलाकार), उत्तम केसी, सुमिन गुरुङ, विशाल पहारी लगायतको पनि अभिनय छ।

❑ वर्ष ३० ❑ अंक १११ ❑ २०८१ कार्तिक २९ गते बिहीबार 14 November 2024, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# 'सहकारी, भूमि समस्या समाधानका लागि न्यायधीकरण र भूमि आयोग गठन हुन्छ'

रामचन्द्र रायमाझी ——

**पाल्पा,** कार्तिक २८/भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी र भूमिका क्षेत्रमा देखिएका समस्या समाधानका लागि न्यायधीकरण र भूमि आयोग गठन गर्न लागिएको बताएका छन् । बुधबार नेपाल पत्रकार महासंघ पाल्पाले.तानसेनमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मन्त्री अधिकारीले सहकारी र भूमि समस्या समाधान गर्न सरकारले कर्जा असुली न्यायधीकरण र भूमि आयोग गठन गर्न लागेको बताएका हुन् ।

उनले तीनै तहका सहकारीको नियमनका लागि नियामक निकाय स्थापनासम्बन्धी कानुनको मस्यौदा तयार गरी सरोकारवालाको राय सुझाव लिने काम अघि बढेकोले सहकारी नियमन गर्ने निकाय छिट्टै गठन गरिने धारणा व्यक्त गरे । मन्त्री अधिकारीले भूमि समस्या समाधानका लागि सरकारले सहमति अनुसार भूमि आयोग गठन गर्ने तयारी गरेको बताए । उनले भूमि समस्याप्रति वर्तमान सरकार जानकार रहेको र यसका लागि छिट्टै सहमति गरेर आयोग गठन गर्ने उल्लेख गरे । मन्त्री अधिकारीले केन्द्रीय आयोग बनिसकेको





र ७७ वटै जिल्लामा समेत तत्काल गठन हुने बताए । उनले अहिले संसदका दुई दलहरू कांग्रेस र एमालेले सहमतिको सरकार बनाएको र आयोग लगायतका संरचनाहरूसमेत सहमतिमै बनाइने बताए । भूमि समस्या एउटा पृथक समस्याका रूपमा रहेको र यसको समाधानका लागि वर्तमान सरकार क्रियाशील रहेको समेत मन्त्री अधिकारीको भनाइ छ । सहकारी क्षेत्रमा अहिले भएका समस्या समाधान हुनेदेखि सहकारीलाई अर्थतन्त्रको एउटा बलियो खम्बाको रुपमा स्थापित गराउन सहकारी ऐन संशोधनको सुरुवात भइसकेको समेत उनले बताए । सहकारीमा विश्वासको वातावरण बनाइ सहकारीका ऋणीलाई ऋण तिर्ने वातावरण सिर्जना गर्ने र कर्जा असुलीमा अटेर गर्ने सदस्यहरूलाई कानुनको दायरामा ल्याउन, सहकारी एकीकरणलाई प्रोत्साहन गर्न, सहकारी समस्याको दिगो समाधानका लागि सरकारले प्राथमिकताका साथ कार्य गरिरहेको पनि मन्त्री अधिकारीले उल्लेख गरे । उनले भने 'सरकार भूमि,नापी,गुठी र सहकारीको एकीकृत ऐन ल्याउने तयारीमा समेत रहेको छ ।' मन्त्री अधिकारीले भूमि मन्त्रालय अन्तर्गत गर्ने सहकारी,भूमि र गुठी सम्बन्धी ऐनलाई परिमार्जन गर्न ड्राफ्टको काम भइरहेको बताए । मन्त्री अधिकारीले केही सहकारीहरु उद्देश्य र सिद्धान्त विपरित गएर काम गरेकाले अहिले सहकारीमा केही समस्या आएको उल्लेख गरे । उनल 'केही सहकारीहरुले राम्रो काम पनि गरेका छन्,केही सहकारीहरु ऐन कानुन विपरीत गएर काम गर्दा समस्या आएको हो,हामीले त्यस्ता सहकारीहरुको विवरण माग गरेर अनुसन्धान गर्दैछौं ।' मन्त्री अधिकारीले अहिलेसम्म २२ वटा सहकारीलाई समस्याग्रस्त सहकारीका रुपमा घोषणा गरिएको बताए । उनले ६ हजार भन्दा बढी सहकारीपीडितहरुको बचत फिर्ता गरिसकिएको समेत उल्लेख गरे । मन्त्री अधिकारीले गरिवी निवारणका क्षेत्रमा सरकारले विभिन्न कार्यक्रम गर्दै आएको बताए । उनले भने 'अहिले १४ वटा मन्त्रालयमार्फत गरिवी निवारणका कार्यक्रमहरु भइरहेका छन् ।' गरिबी पहिचानमा तल्लो तहबाट सही तथ्याङ्क नआउँदा गरिवी निवारणका कार्यक्रम गरिएपनि त्यसको प्रभावकारिता नदेखिएको उनले स्वीकार गरे । कार्यक्रममा पत्रकारहरुले राखेका प्रश्न र जिज्ञासाहरुको मन्त्री अधिकारीले जवाफ दिएका थिए । महासंघका अध्यक्ष रेखीराम रानाको अध्यक्षता, उपाध्यक्ष भरत शर्माको स्वागत, सचिव यज्ञमूर्ति तिमिल्सीनाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## संक्षिप्त समाचार

### भान्जा हत्या आरोपमा मामा पक्राउ



**अर्घाखाँची,** कार्तिक २८/ भान्जा हत्या आरोपमा मामा पक्राउ परेका छन् । अर्घाखाँचीको शितगंगा नगरपालिका-६ सानाढुंग्रेमा मदिरा सेवनको क्रममा विवाद हुँदा मामाले भान्जाको हत्या गरेका थिए । हत्या आरोपमा ५३ वर्षीय झन्द्रबहादुर गाहालाई प्रहरीले पक्राउ गरेको हो । उनले आफ्नै भान्जा तिलक रेश्मीको हत्या गरेको पाइएको जिल्ला प्रहरी कार्यालय अर्घाखाचीका डीएसपी चक्र मल्लले बताए । मंगलबार बिहान सानाढुंग्रेस्थित भिरपाखोमा ३५ वर्षीय रेश्मी मृत अवस्थामा भेटिएका थिए । अनुसन्धानका क्रममा उनकै मामा गाहाले हत्या गरेको खुलेपछि पक्राउ गरिएको डीएसपी मल्लले बताए । उनीहरु २६ गते साँझ ६ बजेतिरसँगै बसेर मदिरा सेवन गरेका थिए । सोही क्रममा गाहाले भान्जा रेश्मीलाई गाली गलौज गरी हत्या गरेको बुझिएको छ । पक्राउ परेकाविरुद्ध कर्तव्य ज्यानको कसुरमा अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

# पटके चेकिङ हटाइने तयारीमा लुम्बिनी प्रदेश सरकार

**बुटवल,** कार्तिक २८/लुम्बिनी प्रदेश सरकारले पटके चेकिङ हटाउने तयारी गरेको छ । उसले १२ वटै जिल्लामा लगाइदै आइएका पटके चेकिङ हटाउने तयारी गरेको हो ।

प्रदेश सरकारले प्रदेशभित्रका धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलमा घुम्न आउने बाह्य पर्यटकलाई ठाउँपिच्छे पटके चेकिङ गर्दा सास्ती भोग्नु परेको भन्दै हटाउने तयारी गरेको हो । पर्यटकहरूलाई सहज रूपमा आगमन हुन दिनुको साटो संघीय सरकार मातहतको प्रहरीले उनै बाह्य पर्यटकलाई अनावश्यक झन्झट दिने गरेको भन्दै आलोचना भइरहेको छ । विशेष गरी सीमा नाकाबाट नेपाल भित्रिने भारतीय पर्यटकले धेरै ठाउँमा प्रहरीको चेकिङले सास्ती बनाएको गुनासोपछि लुम्बिनी प्रदेश सरकारले अनावश्यक चेकिङ हटाउने नीति लिइएको उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्डविक्रम न्यौपानेले बताए । नाकाबाट नेपाल प्रवेश गरेपछि विभिन्न स्थानमा हुँदै आएको अनावश्यक चेकिङ हटाउनका लागि आवश्यक समन्वयको काम भइरहेको मन्त्री न्यौपानेले जानकारी दिए ।

गौतमबुद्ध जन्मस्थल लुम्बिनीसहित १२ जिल्लाका ३० भन्दा बढी महत्त्वपूर्ण धार्मिक तथा ऐतिहासिक पर्यटकीय गन्तव्यमा आन्तरिक तथा बाह्य पर्यटक पुग्छन् । लुम्बिनी प्रदेशको आर्थिक समृद्धिको बलियो आधार यहाँको पर्यटकीय क्षेत्रलाई मानिदै आएको छ प्रदेश सरकारले पर्यटन प्रवर्धन नै प्रदेशको समृद्धिको पहिलो आधारका रूपमा उल्लेख गरेकाले पर्यटकलाई अनावश्यक सास्ती दिंदा पर्यटकको संख्या घट्ने भएकाले धेरै ठाउँको पटके चेकिङ हटाउने तयारी भइरहेको मन्त्रालय स्रोतले जनाएको छ ।

# घर-घरमा धारा : हट्यो डोकोमा पानी बोक्ने बाध्यता

**त्रिवेणी (नवलपरासी),** कार्तिक २८/नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको देवचुली नगरपालिका-५ मौलाथुम्कीमा पानीको धारा घर-घरमा पुगेपछि यहाँका स्थानीयको डोकोमा पानी बोक्ने बाध्यता हटेको छ । घरमा धारा नहुँदा खोला तथा घरदेखी पर रहेको ट्याङ्कीबाट पानी बोक्नुपर्ने बाध्यता थियो ।

देवचुली नगरपालिकाको पहाडी क्षेत्र अन्तर्गत पर्ने मौलाथुम्कीका भीमकुमारी लुङ्गेलीले अहिले घरमा धारामा पानी आएसँगै पहिले आफूहरूले गरेको दु:ख बिर्सिएको बताईन् । खोलाबाट पानी बोक्दा दिन नै बित्ने गरेकामा अहिले घरमा धारा जोडिएपछि आफूहरूको दैनिकी नै फेरिएको उनले बताईन् । 'घरमा एक जनाको काम नै पानी बोक्ने हुन्थ्यो, अब घरमै धारा आएपछि खेतीपाती र पशुपालनमा समय दिन सकिने भया', उनले भनिन्, 'बल्ल डोकोमा पानी बोक्ने दिन सकिए ।! घरमै धारा अनि चौबीसै घण्टा पानी



भएपछि दैनिक काम गर्न सहज भएको स्थानीय लालमाया बरालले बताईन् । पानीको सहजतासँगै घरको सरसफाइ, खेतीपाती र अन्य काममा समय दिन सहज भएको उनको भनाइ छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# मधुमेहको रोकथाम गरौँ

रगतमा भएको ग्लुकोजको मात्रा बढ्नुलाई मधुमेह भनिन्छ । यो विश्वभर नै बढ्दो रूपमा विकास भैरहेको छ । अहिले संसारभरिका करिब ४२ करोड मानिसहरू मधुमेह रोगबाट पीडित छन् । बढ्दो सहरीकरण, बसाइँ–सराइ, खानपिनमा लापरवाही, गुलियो, चिल्लो र फास्टफुडको बढी सेवन, सुविधासम्पन्न र निस्क्रिय जीवनशैली, नियमित व्यायामको कमी तथा तनाव जस्ता कारणहरुले अहिले मधुमेह महामारीको रूपमा देखिएको छ । यो खतरा हाम्रोजस्तो कम विकसित देशहरूमा अझ बढी देखिएको छ । यसरी महामारीको रूपमा फैलिएको मधुमेहसम्बन्धी व्यापक जनचेतना फैलाउने उद्देश्यले हरेक वर्ष मधुमेह दिवस मनाउने गरिन्छ । सन् १९९१ देखि विश्व स्वास्थ्य संगठन र अन्तर्राष्ट्रिय मधुमेह संगठनले प्रत्येक वर्ष नोभेम्बर १४ अर्थात् आजकै दिन विश्व मधुमेह दिवस मनाउँदै आएका छन् । मधुमेहसम्बन्धी जनचेतना फैलाउने, रोकथामका उपायबारे कुरा गर्ने, मधुमेहबाट हुन सक्ने खतराबाट जोगिन गर्नुपर्ने सावधानीसम्बन्धी जनचेतना फैलाउने, मधुमेह लाग्नबाट गर्नुपर्ने उचित बानी–व्यवहार, खानपान आदि कुराको विश्वव्यापी रूपमा जानकारी दिनु नै यो दिवसको मुख्य उद्देश्य हो ।

मधुमेह इन्सुलिन हर्मोनको गडबढीबाट हुने रोग हो । यो सरुवा रोग होइन । यो नियन्त्रण राख्न सकिने तर निको नहुने दीर्घकालीन रोग हो । यो रोग धनी, गरिब, बच्चा, वयस्क, सहर तथा गाम्रीण भेगमा बस्ने जोकोहीलाई पनि लाग्न सक्छ । हाल विश्वमा मधुमेहका कारण प्रत्येक ८ सेकेण्डमा १ जना मानिसको मृत्यु हुने गरेको छ । मधुमेहका कारण ह्दयाघात र पक्षघातको सम्भावना २ गुणाले, अन्धोपन हुने सम्भावना २ गुणा र मिर्गौला बिग्रने सम्भावना ५ गुणाले बढ्छ । मधुमेह नियन्त्रणमा नराख्दा गर्भवती अवस्थामा बच्चा र आमा दुवैमा नकारात्मक प्रभाव पार्न सक्छ ।

मधुमेह समयमै पत्ता नलागी अकालमा ज्यान गुमाउनेहरूको संख्या पनि धेरै छ । त्यसकारण मधुमेह सम्बन्धी चेतना चारैतिर फैलाएर यो रोगबाट हुनसक्ने नराम्रा परिणामहरूबाट बच्न सकिन्छ । विशेष गरी मधुमेह खानपिन र जीवनशैलीसँग सिधै सम्बन्ध भएको रोग हो । खानपिनको गडबढीजस्तै खानामा कार्बोहाइड्रेटको मात्रा बढी, चिल्लो र गुलियो बढी, अल्छी जीवनशैली, व्यायामको कमी, मोटोपना र तनाव बढी लिएमा मधुमेह हुने सम्भावना धेरै हुन्छ । त्यसैले खानपिन र जीवनशैली सुधार गरेमा मधुमेहबाट बच्न सकिन्छ । तसर्थ यसतर्फ सबैले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

सस्तो समान अनि घटिया मान्छे
प्राय:सुरु सुरुमै राम्रो लाग्ने गर्छन् ।
*(मनोज सारुको फेसबुक स्टाटस https://www.facebook.com/Manoj.saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सहकारी प्रकरणले उब्जाएका प्रश्न

प्रकाश नेपाल
prakashnepal014@gmail.com



**सहकारीमा देखिएको समस्यालाई समाधान गर्ने पक्षमा नेकपा एमाले र काँग्रेसको नेतृत्व सहमत छैन् । दिर्घकालिन रुपमा यस्ता समस्यालाई समाधान गर्नु पर्दछ । सहकारीको विषयमा त महत्वपूर्ण विषय के हो भने बैंक तथा वित्तिय संस्थालाई नियमन गर्ने काम राष्ट्र बैंक हो । किन अनुगमन गरिएन यहाँ प्रश्न आउछ । सहकारी ऐनले सीमाना अथवा दुरी तोकी दिएको छ की छैन ?, कतै राष्ट्र बैक पनि अप्रत्यक्ष रुपमा संलग्न त छैन् भन्ने आशंका उब्जिएको छ । सरकारको पनि स्पष्ट नीति पनि छैन् । सहकारी प्रकरणमा रवि, जिवी र छविले मात्र अपचलन गरेका छैनन् । यहाँ किन यिनी तीन जना भन्दा अन्त ध्यान नगएको होला ? अरुलाई यस्तै यस्तै गरी राख्ने आउने चुनावमा त मतदाताले बिर्सिन्छन् भन्ने सरकारको मानसिकता होला तर जनताले भुल्ने छैनन् ।**

सह र कार्य गरी दुई शब्दहरुको मिलनबाट उत्पति भएको सहकारी आजभोलि रविसँगै निकै चर्चामा आएको छ । सहकारी भन्नाले सँगै मिलेर काम गर्नु हो । आर्थिक समृद्धि र विकासका लागि स्थापना भएको सहकारी सबै भन्दा पहिला बेलायतमा स्थापना भएको थियो । पछि नेपालमा २०१० सालमा सहकारी सम्बन्धी अवधारणा बन्यो र २०१३ सालमा नेपालमा सबै भन्दा पहिला सहकारीको स्थापना चितवनमा बखान ऋण सहकारीसँगै १३ वटा सहकारीहरु स्थापना भएका थिए र त्यसलाई सञ्चालन व्यवस्थापन र निर्देशन गर्नका लागि आत्मबोधको आवश्यकता भएपछि २०१६ सालमा ऐन नियमहरु बने । सहकारीको माध्यमबाट एक /एक थोपाहरु जम्मा गरी आर्थिक उन्नतीको दिगो विकास गर्ने हो । समय अनुसार यो नियम परिमार्जन हुँदै गएको हो ।

आज हाम्रो मुलुकमा सहकारीको रकम अपचलन भन्ने सवालमा पुर्व गृहमन्त्री रवि लामिछाने पक्राउ परेपछि अनेकन विषयसँगैतर्क वितर्कहरु जनमानसमा उब्जिएका छन् । एउटा मुख्य विषय बनेको छ । उनी सम्मानित अदालतको आदेशले कास्की प्रहरीका हिरासतबाट रुपन्देही प्रहरीको हिरासतमा पुगेका छन् । सम्मानित अदालत भन्दा माथि केही र कोही छैन । अदालत प्रक्रिया चलेको बखतमा अदालतलाई प्रभाव पार्ने काम भएको छ । त्यो राम्रो होइन । गृहमन्त्री भएका रवि मात्र होइन भुटानी शरणार्थी प्रकरणमा बालकृष्ण खाँड पनि ५/७ महिना जति जेलमा बसे । त्यस भन्दा अगाडि खुमबहादुर खड्का पनि जेलमै बसे । जुन सरकारको साशन आएपनि मन्त्री पट्काउने गोविन्द राज जोशी पनि जेलमै छन् । उनीहरु पक्राउ पर्दा त काँग्रेसका कार्यकर्ता त सडकमा गएनन् । न्यायिक ढंगबाट अनुसन्धान गर्न आग्रह मात्र गरे । रवि लामिछाने दोषि ठहर भई कानुन अनुरुप कारागार जादा आकासै खसेर पृथ्वी च्यापिने त होइन फेरी । मुख्य कुरा त यही हो । रवि नेतृत्वको रास्वपा त यो मुलुकको सबै भन्दा कान्छो पार्टी हो । हरेक मानवका राम्रा र नराम्रा पक्षहरु हुनु मानविय स्वभाव पनि हो । त्यस्तै रवि पनि । हिजो उनले एउटा टेलिभिजनमा काम गर्दा पाएको आमजनताको मायाले गर्दा र स्थानीय चुनावमा दल चिन्न विना विजयी उम्मेदवार हो । त्यहीबाट रविलाई राजनैतिकमा होमिने महत्वकाक्ष जागेको हुन सक्छ । बोल्न र काम गर्न धेरै फरक छ । नेपालको राजनीतिक रविले सोचेको र परिकल्पना गरेको भन्दा धेरे फरक छ । यहाँ त कालोलाई सेतो र सेतोलाई कालो पनि भनिन्छ । वाक कलाका धनि भएका उनले गिनिज बुकमा नाम लेखाउन पनि सफल भए । फेरी उनी आफैले ठाउँ-ठाउँका सहकारीबाट ऋण लिएको पनि देखिदैन । त्यसैले उनले भन्ने गरेको पनि त्यही नै हो ।

केही दिन पहिला रविको सझेदारी जिवीको पत्रको कुराले खुब महत्व पायो तर त्यो गलत नै हो । यस प्रकरणमा राजनीतिक स्वार्थ पुरा गर्ने उद्देश्य हो । त्यससँगै जुन सञ्चार माध्यमबाट पत्र सार्वजनिक भयो । त्यो मिडिया सञ्चालकसँग कुनै समय रविको दोहोरी चलेको थियो । त्यो प्रतिशोध मात्र हो भन्ने बुझ्न जरुरी देखिन्छ । पछिल्लो समयमा जिवीलाई नेपाल आएको अमुक दलको नेताले गर्दा भगाइयो र युरोपियन युनियनको दवाबका कारण रविलाई फसाइयो जस्ता विषयले चर्चा परिचर्चाका बहस भएका छन् ।

रवि प्रकरणमा आन्दोलन गरेका व्यक्तिले उठाएका मुद्धाहरु मध्ये छानविन समितिले दोषि ठहर गरेका मध्य राष्ट्रिय राजनीतिमा महत्वपूर्ण भूमिका राख्ने व्यक्तिहरु पनि छन् र समय-समयमा अनुगमन गर्ने जिम्मा पाएको नेपाल राष्ट्र बैंकले सहकारी नीति र नियम अनुसार चलेको छ की छैन भनेर समय समयमा किन अनुगमन नगरेको ? गरेको भए आज यो हल्ली खल्ली हुन्थ्यो की हुँदैन थियो । सहकारीमा थोरैमा र धेरैमा कति रकम बचत गर्ने ? कति रकम ऋण लिने भन्ने कानुनी प्रक्रिया छ की छैन ? त्यति धेरै रकम सहकारीमा कहाँबाट आयो ? त्यो साधारण व्यक्तिहरु थाहा होला की नहोला भन्ने विषयमा पनि सोचौं त ? हाम्रो देशको राष्ट्र बैंक कता होला ? न्यायलयले अन्याय कसैलाई पनि नगरोस् भन्ने मात्र हो । अन्यथा राजनैतिक रुपमा यसलाई पुर्वाग्राह हो भन्नु पर्ने हुन्छ । कुनै समय गोकुल बास्कोटाको पनि कुरा उठ्यो तर उनको मुद्धा अख्तियारले तामेलीमा राख्यो त्यसो गर्नु पनि अपराध नै हो । हुन त २०४८ साल पछिको समयमा यस्ता कारवाही भागबण्डामा भएका छन् । सबै भन्दा दु.खद् पक्ष त यहाँ हो । यस्ता-यस्ता प्रवृति र पात्रका कारण स्वतन्त्र पार्टीतर्फ नयाँ पुस्ताहरु आर्कषित भएका थिए । पुराना दलका नेतादेखि स्थानीय कार्यकर्ताहरु समेत भ्रष्टाचारले पोतिएका छन् । सहकारी कै कुरा गर्दा पुराना दलका जिम्मेवारी कार्यकर्ताले नेतृत्व गरेका यहाँका तीन वटा सहकारी मात्र छन् । तिनीहरुले गरेका क्रियाकलापका विषयमा कोही बोल्दैन । कुरा यहाँबाट पनि सुरु हुन्छ । कही कार्यालय नै छैनन् । कतै व्यक्तिगत स्वार्थ जोडिएका छन् त कतै पेवा जस्तै भएका छन् । भ्रष्टचार भएर तथा गलत भएको यहाँ देखिदैनन् । कुरा यहाँ हो यहाँका तीन वटा सहकारीलाई कानुनी प्रक्रिया अनरुप कारवाही गर्दा उम्कने बाटो नै देखिदैन् । अब पुराना दलप्रति जनताको आशा नै मरेका बेला रवि नेतृत्वको दलप्रति आशा पलाएको थियो जनतामा तर पुराना दलहरुलाई टाउको दुखाईको विषय बन्यो । २०५२ सालमा तत्कालिन माओवादीले जनयुद्ध थालनी गर्दा कति जना पो थिए र ? पछिल्लो समयमा कति जना काँग्रेसबाट एमाले हुँदा नयाँ-नया शक्तिको खोजीमा माओवादीसम्म पुगेका थिए । यही अवस्था अब काँग्रेस ,एमाले हुँदै रास्वपातिर जाने हो कि भन्ने पुराना पार्टीहरुलाई भय छ । रास्वपा विशेष गरी प्रधानमन्त्री र उनको पार्टीप्रति आक्रामक देखिन्छ । कति कुरा राजनीतिक प्रतिशोध देखिन्छ । दुवैमा यसो हुनु राम्रो होइन् । रवि प्रकरणले सत्ताको नेतृत्व परिवर्तन हुने हल्ला पनि चल्यो तर यसरी बार-बार सत्ता परिवर्तन हुँदा पार्टी तथा व्यक्तिलाई क्षणिक लाभ भए पनि परन्तु कसैलाई राम्रो हुँदैन । हाम्रो मुलुकमा पार्टीले निरन्तर ५ वर्षसम्म सत्ता चलाएको समय नै छैन् । राजनैतिक अस्थिरका कारणले ३ वर्षमा पुरा हुने योजना ३० वर्ष लाग्ने गरेको धेरै उदाहरणहरु छन् । व्यवस्था कहिल्यै नराम्रो हुँदैन । नराम्रो त सत्ता चलाउने व्यक्तीहरु हुन् । त्यसैले गलत खराब पात्रका व्यक्तिलाई संरक्षण गर्नु हुँदैन । व्यवस्था जुन आए पनि व्यक्ति तिनै हुन ।

जुन व्यवस्था आए पनि व्यवस्थाको आडमा राज्यलाई दोहन गर्ने परिपाटी नै बस्यो । आय श्रोत बिनाको अकुत सम्पती कमाएका माथिल्ला वर्गकालाई न्यायलयको मुख्य ठाउँबाटै संरक्षित हुन्छन् । त्यही भएका राष्ट्रिय स्वतन्त्र पार्टीको उदयसँगै युवा पुस्ता आर्कषित भए । त्यो सत्य हो । बहुदलिय व्यवस्थामा फेरी अर्कोतर्फ स्वतन्त्र न्यायपालिकामा विश्वास गर्छौं तर त्यहाँ पनि सबै पार्टी कै कार्यकर्ताहरु भर्ती भएका छन् अनि भागवण्डा छ ।

सहकारी काण्डमा रवि र जिवीलाई संगठित अपराधको मुद्धा दर्ता गरे पनि गहिरोसँग लागेको चोट निको भने हुँदैन । सहकारीमा देखिएको समस्यालाई समाधान गर्ने पक्षमा नेकपा एमाले र काँग्रेसको नेतृत्व सहमत छैन् । दिर्घकालिन रुपमा यस्ता समस्यालाई समाधान गर्नु पर्दछ । सहकारीको विषयमा त महत्वपूर्ण विषय के हो भने बैंक तथा वित्तिय संस्थालाई नियमन गर्ने काम राष्ट्र बैंक हो । किन अनुगमन गरिएन यहाँ प्रश्न आउछ । सहकारी ऐनले सीमाना अथवा दुरी तोकी दिएको छ की छैन ?, कतै राष्ट्र बैक पनि अप्रत्यक्ष रुपमा संलग्न त छैन् भन्ने आशंका उब्जिएको छ । सरकारको पनि स्पष्ट नीति पनि छैन् । सहकारी प्रकरणमा रवि, जिवी र छविले मात्र अपचलन गरेका छैनन् । यहाँ किन यिनी तीन जना भन्दा अन्त ध्यान नगएको होला ? अरुलाई यस्तै यस्तै गरी राख्ने आउने चुनावमा त मतदाताले बिर्सिन्छन् भन्ने सरकारको मानसिकता होला तर जनताले भुल्ने छैनन् । साग र मकै बेच्ने व्यक्तिका थोपा-थोपा गरी सहकारीमा जम्मा गरेको रकम आफु बिरामी पर्दा औषधी गर्न छैन् । जिवी राई भन्ने व्यक्तिले नेतृत्व गरेको सहकारी बाहेक अन्य सहकारी पनि धेरै छन् । त्यस्ता सहकारीको नाम आउने क्रम पनि जारी नै छ । त्यसैले नियमनको लागि स्पष्ट नीति बनाउनु पर्दछ । अयन्था सहकारी पीडीत सडकमा आए व्यवस्थाका विरुद्धमा पनि आन्दोलनको रुपमा मोडिन सक्ने लक्षणहरु देखिएको छ ।

***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : साझेदारी काममा उल्झन आउनेछ । परिवारको खुसीका निम्ति केही खर्च हुनसक्छ । | **तुला** :प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। पढाइलेखाइमा प्रगति हुनेछ। |
| **बृष** :अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्‍याउनुहोला। | **बृश्चिक** :विवाद बढ्ने सम्भावना छ। विगतको श्रमबाट भने लाभ हुनेछ। |
| **मिथुन** : मेहनत गर्दा राम्रै फाइदा हुनेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ। | **धनु** : सहयोगीहरूको भावना बुझ्ने प्रयत्न गर्नुहोला, दिन रमाइलो हुनेछ। |
| **कर्कट** :पहिलेका समस्या दोहोरिन सक्छन्। चिताएको काममा बाधा पुग्नेछ। | **मकर** :हिम्मतले काम लिँदा फाइदा हुनेछ। जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। |
| **सिंह** :ठट्टा गर्दा सतर्कता अपनाउनुहोला । आर्थिक क्षेत्र र व्यवसाय कमजोर नै रहला । | **कुम्भ** :आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। |
| **कन्या** :स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। | **मीन** : पहिलेका गल्ती सच्याउने मौका छ। चुनौती देखिए पनि स्वाभिमानको रक्षा गर्न सकिनेछ। |




नीति कथा — कमल रिजाल

# पण्डितहरूको त्यो मूर्खता



जीवनमा विद्याको कति बढी महत्त्व हुन्छ भन्ने सबैलाई थाहा छ । धन र विद्या कुन ठुलो भनेर सोध्ने हो भने प्राय: सबैले विद्या नै ठुलो भन्ने गरेका हुन्छन् । धन त जसले पनि कमाउन सक्छ र जति बेला पनि कमाउन सकिन्छ तर विद्या भन्ने कुरा त्यस्तै अवसर नजुरी पाइएको हुँदैन । तथापि यथार्थ के हो भने विद्या पढेर मात्र हुँदैन, प्रयोग गर्न पनि जान्नुपर्छ । अन्यथा त्यही विद्या दु:खको कारण बन्न पुग्छ । भाइबहिनीहरूको जानकारीका लागि यहाँ एउटा यस्तै कथा प्रस्तुत गरिएको छ । धेरै पहिलेको कुरा हो । कुनै गाउँमा एक जना सज्जनका चार भाइ छोरा थिए । उनीहरूमध्ये अघिल्ला तीन भाइ पढालेखा पण्डित थिए । तथापि बुद्धिमा भने कमी थियो तर पछिल्लो अर्थात् कान्छाले भने पढेका थिएनन् । उनका लागि काला अक्षर भैँसी बराबर जस्तै थियो । तथापि बुद्धिका भने निकै धनी थिए । एक दिन चारै भाइ बसेर कसरी पैसा कमाउने भन्नेबारे छलफल गर्न लागे । यसै क्रममा उनीहरूमध्ये जेठोले भन्यो- ‘हामीले विद्या पढेका त छौँ तर अहिलेसम्म तिनको उपयोग भएका छैनन् । अर्को कुरा हामीलाई यो पनि थाहा छैन कि हामीले पढेका विद्या उपयोगमा आउन सक्छन् कि सक्दैनन् । त्यसैले राजाको दरबारमा गएर तिनलाई उपयोग गर्ने प्रयास गर्ने पो हो । सुनेको छु यस देशका राजा विद्वान्को राम्रै कदर गर्छन् रे । यदि उनको अगाडि विद्याको उपयोगिता सिद्ध गर्न सकियो भने पक्कै धेरै पैसा दिने छन्, जसले गर्दा सुखपूर्वक जीवन बिताउन सक्ने छौँ । उनको कुरामा अन्य भाइले पनि सहमति जनाएकाले भोलिपल्टै राजदरबारतर्फ लागे । जब आधाआधी बाटामा पुगेका थिए विद्या पढ्ने मध्येका एक भाइले भन्यो- हामी तीन भाइले त पढेका छौँ । राजाको अगाडि आ-आफ्ना विद्याको करामत देखाउने छौँ तर यो कान्छोले त पढेको छैन । यस्ताले के करामत देखाउला । त्यसैले यसलाई यतैबाट फर्काउने पो हो कि । होइन भने त हाम्रो करामत देखेर खुसी भएका राजाले दिएका पैसाबाट यसलाई पनि दिनुपर्ने हुन्छ ।’ हो ठिक भन्यौ । त्यसै गर्नु उचित होला भन्दै दोस्रो भाइले पनि सहमति जनायो तर तेस्रोलाई उनीहरूको कुरा मन परेन र प्रतिवाद गर्दै भन्यो- ‘होइन के कुरा गर्‍या त्यस्तो ? जे भए पनि ऊ हाम्रै भाइ हो । सँगै बस्यौँ, सँगैसँगै जसो हुर्क्यौँ । सानै छ, हामीमध्ये कान्छो पनि हो । त्यस्तालाई कसरी छुटाउने । अहँ म मान्दिन । बरु उसलाई आफैँले पाएको हिस्साबाट कटाएर दिनेछु । तैपनि छाड्न चाहन्न ।! यसै विषयलाई लिएर उनीहरूबिच केही बेर भनाभन भयो । अन्त्यमा सबैलाई उनको भनाइमा सहमत हुन कर लाग्यो र अगाडिको यात्रा गरे । केही अघि बढेपछि एउटा डर लाग्दो जङ्गल आइपुग्यो । जब जङ्गलको बिचमा पुगेका थिए एउटा मरेको सिंहको हड्डी देखापर्‍यो । त्यसपछि जेठोले भन्यो ‘भाइ हो ! मलाई हाम्रो विद्याको परीक्षा गर्ने उपयुक्त समय आएजस्तो लाग्यो । यदि यस मरेको सिंहलाई जीवित गराउन सक्यौँ भने हाम्रो विद्या सही रहेछ । होइन सकेनौँ भने त राजाको दरबारमा गएर पनि के गर्न सकिएला र ?’ अरू दुई भाइले पनि त्यसैमा समर्थन जनाएकाले जेठोले सिंहको हाडखोर जम्मा गरी शारीरिक ढाचा तयार गर्‍यो । दोस्रोले मासु भर्ने काम गर्‍यो । जब तेस्रो प्राण भर्ने प्रयास गर्न लाग्यो तब कान्छोले रोक्ने प्रयास गर्दै भन्यो- ‘हैट के गर्न लागेको यो ? के यो सिंह साँच्चै जीवित भयो भने हामीलाई बाँकी राख्छ ? मेरो भनाइ लाग्छ भने यस्तो मूर्खता नगरियोस् । उसको कुरा सुनेर तेस्रो भाइले रिसाउँदै भन्यो- ‘जाजा पाजी ! बढी फुर्ती न ला । तैँले मेरो विद्याले काम गर्ने अवसर नपाओस् भनेर यस्तो कुरा गरेको हो भन्ने मलाई थाहा छैन र ? तर म त्यस्तो हुन दिन्न बुझिस् । जसरी भए पनि यसलाई जीवित गएरै छाड्नेछु ।! उसले आफ्नो हठ नछाड्ने निश्चित भएपछि कान्छोले विनम्रतापूर्वक भन्यो-‘माफ गर्नुहोला ! मेरो आशय त्यस्तो थिएन । सबैको जीवन सङ्कटमा पर्न सक्ने देखेर नै यस्तो कुरा गरेको हुँ । जीवित गराएरै छाड्ने हो भने बाधक बन्न चाहन्न । मात्र यति हो कि मलाई त्यस रुखमा चढेर टुप्पोसम्म पुग्ने अवसर दिनुहोला ।’ ऊ यति भनेर नजिकैको अग्लो रुखमा चढ्न लाग्यो अरू भाइ बसेर हेर्न लागे । जब ऊ रुखको टुप्पोमा पुग्यो तब तेस्रो भाइले आफ्नो विद्यालाई प्रयोगमा ल्याउन लाग्यो । नभन्दै केही बेरको प्रयासमा जीवित गराएरै छाड्यो । त्यसपछि त के चाहियो र । सिंह गुरुङ्ग आवाज निकाल्दै उठ्यो र तीनै भाइलाई मारेर खायो । बिचरा पण्डितहरूले आफ्नै मूर्खताका कारण ऐय्या भन्नसम्म पाएनन् ।कान्छोले रुखको टुप्पोमा बसेर यी सब दृश्य हेरिरहेको थियो । तैपनि केही गर्न सकेन । किनकि उसको वशमा केही थिएन । त्यसैले सिंह त्यहाँबाट नजाउन्जेल त्यहीँ बस्यो र अघाएर वनतिर लागेपछि घरतिर लाग्यो । पञ्चतन्त्रमा आएको यस कथामा के कति सत्यता छ त्यो त थाहा छैन तर विद्यालाई प्रयोग गर्न जानिएर भने जसको पनि अवस्था यस्तै हुन्छ भन्ने कुरा भने सत्य हो ।

*-रातोपाटी डटकम*

## सामान्य ज्ञान

१ ‘कला आफैमा प्रकृतिको अनुकरण बाहेक केही होइन ।’ भन्ने विचारक को हुन् ?
उत्तर: सेनेका

२. नेपालमा प्रसारण भइरहेका विदेशी च्यानललाई सरकारले कहिलेदेखि विज्ञापनरहित बनाउने निर्णय गरेको छ ?
उत्तर: वि.सं. २०७४ श्रावण १

३. प्रकाशले एक वर्षमा पार गर्ने दूरीलाई के भनिन्छ ?
उत्तर: प्रकाश वर्ष

४. कुन लेन्सलाई केन्द्रीकरण लेन्स (C0nverging Lens) पनि भनिन्छ ?
उत्तर: कन्भेक्स लेन्स

५. लेन्सद्वारा पर्दामा उतार्न सकिने आकृतिलाई के भनिन्छ ?
उत्तर: बास्तविक आकृति

६. पृथ्वीको सतहको एकाइ क्षेत्रफलमा पर्ने हावाको चापलाई के भनिन्छ ?
उत्तर: वायुमण्डलीय चाप

७. पृथ्वीको सतहको एकाइ क्षेत्रफलमा पर्ने हावाको चापलाई के भनिन्छ ?
उत्तर: वायुमण्डलीय चाप

८. हाल विश्वकै सबैभन्दा अग्लो भनव कुन हो ?
उत्तर: बुर्ज खलिफा दुबई

९. ४०० राष्ट्रिय मानव अधिकार आयोगलाई कहिलेदेखि संवैधानिक अङगका रुपमा व्यवस्था गरिएको हो ?
उत्तर: वि.सं. २०६३ माघ १

*-साभार : प्रशासन डटकम*


कथा — भाउपन्थी

# गलत मान्छे

‘तिमी एक गलत मान्छे हौ !’ मनीषको कानमा यही वाक्य गुञ्जिरहन्छ । कसैले धम्काएर भने जस्तो उसलाई लागिरहन्छ - तिमी एक गलत मान्छे हौ । उसले विश्लेषण गर्न सकिरहेको हुँदैन, कस्तो गलत मान्छे । उसले कतै भनेको सुनेको थियो - ‘समयअगि जन्मेको व्यक्ति ।’ ऊ पनि त्यस्तै हो कि ? गलत समयमा जन्मेको । बिहान ऊ अफिसका लागि निस्कन लाग्दा उसकी श्रीमतीले भनी, ‘तिमी एक गलत मानिस हौ ।’ सन्दर्भ यो थियो, उसले ग्याँस सिलिन्डरको पैसा जम्मा गर्न सकेको थिएन । हिजोसम्म ग्याँस पौल पाइन्थ्यो । आजैदेखि त्यो गायब छ । मजाक गर्न उसले भनेको हो- ‘गधाको टाउकोबाट सिङझैँ ।’ उसले भनेपछि पछुतायो । श्रीमतीले झन्कँदै भनी, ‘गधा तिमी हौ !’ यद्यपि शहरमा गधा देखिन छाडेको थियो, पहिलेझैँ । अहिले पिकअपहरूको चलन छ । ऊ चकित पर्‍यो, ऊ के गधा नै हो त ? श्रीमतीले थपी, ‘तिमी एक गलत व्यक्ति हौ ।’ उसले गलत लोग्ने भनिन, मानिस पनि भनिन, ‘व्यक्ति’ शब्दको प्रयोग गरी । यसले के देखिन्थ्यो भने, उसले पढेलेखेकी छ र मनीषप्रति केही सम्मानभाव पनि राख्दछे । अन्तत: ऊ उसको श्रीमान् हो । श्रीमान् मनीष ! तर पत्नीमा एउटा कुण्ठा थियो, गलत व्यक्तिसित बिहे गरेकाले । होइन भएकाले । उसको व्यक्तित्वले उपयुक्त विकास पाएन । न राम्रो ब्यांक ब्यालेन्स छ न पतिको राम्रो ओहदावाल जागीर । पुरानो मोडेलको ट्रकमा ऊजस्तो नयाँ इन्जिन फिट गरियो । उसले पनि कति दिन दान्ने, घरगृहस्थी ? मनीषले गल्ती त गरिहाल्यो, झर्केर भन्यो, ‘म होइन तिमी हौ गलत ।’ श्रीमती अझ आगो भई । बिहानभरि जोगाड गरेर पकाई ख्वाई, केटाकेटीलाई समयमै तयार गरेर स्कूल पठाई । के यो सब गर्नु गलत काम हो ? उसले रीस निल्दै भनी, ‘म किन गलत ? तिमी नै हौ गलत ।’ मनीषलाई लागिहाल्यो, यो बहसको र आरोप-प्रत्यारोपको अन्त्य छैन । तसर्थ अफिसतिरै लम्कनु ठीक छ । भनिएकै छ एउटा आगो हुँदा अर्को पानी हुनु । ऊ नै पानी भइदियो । अफिस जानलाई ऊ बस चढ्थ्यो । बसमा पनि ऊ एक किसिमले गलत नै साबित हुन्थ्यो । भीडमा ऊ कतै कोचिएर गइरहेको हुन्थ्यो । कसैले कुहिनोले घच्च्याइरहेको हुन्थ्यो, कसैले उसको जुत्तामाथि कुल्चन्थ्यो । ऊ दुखेको सहेर खुट्टा वर तान्थ्यो । कसैले उसलाई घचेटेर पछिल्लो भागतिर सारिरहेको हुन्थ्यो । खलासीले पनि उसलाई भन्थ्यो, ‘अलि पछि सर्नुस् न ।’ यो संयोग हुन्थ्यो वा जानाजान उसले जान्न सकेको छैन । मनीष कसैसित बाझ्न मन गर्दैनथ्यो । प्रवक्ता हुनु छैन, गलत भइहालिन्छ । आफूसँग ब्याअपको जनबल छैन, नाराबाजी गरेर उसको पक्ष लिने, एक्लै छु, एक्लै कसरी लड्ने ? यो सोचेर ऊ संयमित हुन्थ्यो । यसै गलत उसै गलत । एक दिन उसले गलत बस चढेछ । घरको झमेला थियो । दश हजार सापट नखोजी भएको थिएन । होशै भएन । चढेछ नक्साल जाने बस । उसलाइ कलङ्की जानु थियो । त्यो कुरो उसले कसैलाई भनेन । मानहानि हुने डर थियो । उसका सहकर्मीहरू त्यही विषय बनाएर गलल्ल हाँसिरहने थिए, कति दिनसम्म– ‘ए जाने होस् कलङ्की ? जा समात् नक्सालको बस ।’ भनेर उसको गिल्ला गरिरहने थिए । यस्तो व्यंग्यपूर्ण संवाद मनमनै कथेर ऊ आफै हाँस्यो बेकुफझैँ । हाँस्यो पनि । अफिसको मेचमा बसेर हाँसिरहेको थियो । अफिसमा हाँस्नु मनाही गरिएको थिएन । हाँसेको कसैले देख्यो । उसले हाँसिरहेको मुख झट्टै सपारे पनि त्यो सहकर्मीले ऊ एक्लै हाँसिरहेको देखेको थियो । उसलाई शंका थियो हाँसोको अपव्याख्या हुनेछ त्यही सहकर्मीद्वारा । मनीषको टेबिलमा एउटा फाइल थियो । हाकिमले त्यसको अध्ययन गरेर उसलाई ब्रिफिङ गर्न भनेको थियो । उसले फाइल पढ्यो । खासै केही जटिलता थिएन फाइलमा । यति सजिलो फाइल पनि आफै नपढेर मातहतकालाई ब्रिफिङ गर्न अराउनुमा कुनै आधार पाएन उसले । त्यसैले फिस्स हाँस्यो । आफू गलत बस चढेर गलत ठाउँ पुगेको र फर्केर अफिस आएको केही दिन भइसकेको थियो । कुर्सीमा बस्नुअगि ऊ त्यो कुरा एक पटक अवश्य सम्झन्थ्यो र हाँस्थ्यो- ‘गलत मान्छे गलत ठाउँमा’ भन्दै । फाइल पढेपछि पनि भनेको थियो- ‘गलत व्यक्ति गलत कुर्सीमा !’ दुर्भाग्य यो भयो, उसको सहकर्मीले देख्यो । ऊ एक्लै बरबराएको सुन्यो पनि कि ? एउटा परम्परा थियो देशमा विद्यमान ‘खुट्टा तान्ने’ । यहाँ पनि त्यो थियो, उसको अफिसमा, अछुतो रहने भएन । उसले यो सम्झेर कुर्सीमुनि खुट्टा लुकायो । ‘हाकिमले बोलाउनुभाको छ ।’ कार्यालय सहायकले डाक्यो । मनीष गयो । अटेर गरेर कुर्सीमा बसिरहनु थिएन । हाकिमले डाक्नु र ऊ नजानु ? कसैको हिम्मत हुँदैन, हाकिमको अगाडि गएर नउभिई सुख, डाकेपछि । उसले हाकिमलाई नमस्कार गर्‍यो । शिष्टाचार हो, दुई हात जोडेर नमस्कार गर्नु नै यसको उपयुक्त क्रियात्मकता हो । मुखले पनि स्वर नरम बनाएर ‘नमस्कार’ भन्यो । हाकिम निहुरी परेर कुनै कागजमा दस्तखत गरिरहको थियो । यो एउटा हाकिमी पोज थियो । कुनै बेला पनि हाकिम भनेको हाकिम नै हुन्छ । यसमा अन्यथा हुँदैन । मनीषले विनम्र भएरै भन्यो, ‘सर, डाक्नुभएको हो ?’ ‘हो तर मैले नडाकी तपाईं यहाँ आउन हुँदैन ?’ हाकिम निहुँ खोजिरहेछ । ‘सरले भनेको फाइल लिएर आउनै लागेको थिएँ सर । गल्ती भयो, माफ पाऊँ ।’ ‘यति चाँडै गल्ती स्वीकार गरिहाल्नुभो त ?’ मनीषमाथि हाकिमको वक्रदृष्टि पर्‍यो । जागीर खाइएको छ, मात्र कति भने जी हजुरी गरे पुग्छ । अरू काम नगरे पनि हुन्छ । यति थाहा हुँदाहुँदै पनि बिहान हाकिम कुर्सीमा बसेपछि एउटा नमस्कार टर्क्याउन उसले अल्छी गरेकै हो, आज । ‘सर गल्ती भो ।’ उसले पुन: एक पटक आफ्नो गल्ती स्वीकार गर्‍यो । ‘हैन मनीषजी यसरी तपाईं कति गल्ती भो गल्ती भो भन्दै गलत साबित भइरहनुहुन्छ ? जीवनमा प्रगति उन्नति गर्नु छैन ? जानुस्, काम सकेर ल्याउनुस् ।’ हाकिमले उपदेश दिँदै भन्यो, ‘जीवनमा अगि बढ्नु छ भने सही काम गर्न सिक्नोस् ।’ हाकिमले दशैं, तिहार, नेपाल संवत् र छठपर्व सबै सम्मिलित पावन अवसरमा दिइने शुभकामना झैं ‘प्रगति-उन्नति’ शब्द मिसाएर आफ्नो उपदेश भनेको थियो । अनि हाकिमले चुरोट सल्कायो र त्यसलाई गम्भीर मुद्रामा तान्न थाल्यो । हाकिमबारे धेरै व्यंग्य सोच्न मनीष डरायो । हाकिम हो कतै अन्तर्मनका कुरा पढ्यो भने ? फेरि गलत भइन्छ । मनीषले हाकिमका उन्नति-प्रगति शब्दहरूप्रति अरुचि राख्थ्यो । खै प्रगति ? खै उन्नति ? उसले आफ्नै छोरा र छोरीको त्यस्तो नाम राख्न पनि सकेन । सोचै आएन, जीवनमा यस्तो चाहिन्छ भनेर । हाकिमसँगको प्रसङ्ग उसले लम्ब्याएन, यो यस्तै हो । हाकिमले काम सकेर ल्याउनू भनेको थियो, कामै के थियो र सकाउनु ? यो पनि एउटा समस्या थियो । कामै नभएकोलाई काम मानेर सकाएर ल्याउनू भनिरहेछ हाकिम ? हाकिम गलत कि मनीष गलत ? ऊ मनमनै हाँस्यो । हाँसो बाहिर आउन दिएन । हाँसोको अपव्याख्या गरेर खुट्टा तान्ने पनि थिए । ऊ उदास भयो । उदास के हुनु थियो, उसलाई कसेले यो सोध्न सक्थ्यो, ‘उदास भयौ ?’ फेरि दनक दिन सक्थ्यो– ‘उदास भएर बस्ने होइन, काम गर काम !’ ‘कामै छैन, के काम गर्ने ?’ मनीषलाई भोक लाग्यो । यसो हेरेको डेढ बजेको रहेछ । डेढ अर्थात् दिउँसोको एक बजेर तीस मिनेट । राति डेढ बजे पनि उसलाई कहिलेकाहीं भोक लाग्ने गर्छ । सही टाइम । दाइजोमा पाएको यही एउटा चीज सही छ । जसकी छोरी बिहे गरेको हो उनीहरूले बडो दयनीय भएर भनेका थिए, ‘यसले गल्ती गरी भने क्षमा गरिदिनुहोला ज्वाइँराजा । मारे पाप पाले पुण्य, हजुरकै जिम्मा छोरी सुम्पियौं । हामीले फूलझैं पालेकी छोरी हो यो ।’ अनि यो घडी पनि उपहारमा दिएका थिए, लास्टमा । यो डाइलग अहिले त्यति सार्थक भइरहेको थिएन । माने क्यान्टिनको केटोले खाजाका प्लेटहरू बोकेको हुन्छ र मनीष सतर्क भएर हिंडेको हुँदैन । त्यहाँ आकस्मिक रूपमा ठोकिने गल्ती भइदिन्छ । अनि उसले केही न केही भनेर फोसामा क्षमा याचना गर्नुपर्ने हुन्छ । मनीष सतर्क भएर क्यान्टिनभित्र पस्नुको अर्थ यो थियो । टेबिलमा बसेर उसले सधैंको खाजा मगाएको छ । सर्भ गर्ने केटो नयाँ आएको रहेछ । कताको गाउँबाट हो साहुले झिकाएको होला । नयाँ लागिरहेछ, हिंडाइ-बोलाइले र लुगा लवाइले । गाउँमा तन्नेरी शून्य छन् भन्ने खबर बारम्बार सुन्न पाइरहिएको छ । यो नै अन्तिम तन्नेरी होला सम्पूर्ण गाउँको । यो पनि केही महीनापछि खाडीतिर लाग्ने होला । दुईचार महिनाको लागि यहाँ काममा लागेको होला । क्यान्टिनको साहुले यस्ता कैयौं तन्नेरीलाई प्रशिक्षण दिएर उता पठाउने गरेको छ । यो पनि एउटा धन्दा हो । मनीषलाई लागेको छ यस्तै एउटा धन्दा नखोलेर उसले गल्ती गरेको छ । म्यानपावर कम्पनी एउटा आफ्नो नाममा दर्ता गराइराखेको भए हुने । त्यहाँ पनि चुकियो । गल्ती भयो । उसलाई धेरै चीज नगरेर गल्ती गरियो भन्ने लागिरहन्छ । बसमा चढ्दा बस व्यवसाय नगरेर गल्ती गरिएछ, टिभी हेर्दा समाचारदाता नभएर गल्ती गरिएछ, बिजुली पसलमा पुग्दा बिजुलीको सामानको व्यापार गरेको भए हुने रहेछ, गरिएन गल्ती भयो भन्ने लागिरहन्छ । जिन्दगी गल्ती नै गल्तीहरूको थुप्रो बनिदिएको छ । डम्पिङ कन्टेनर । त्यसैले हाकिम र श्रीमतीले उसलाई गलत मान्छे भन्छन् यद्यपि यसकी श्रीमती र हाकिमको परिचय छँदै छैन । तर मूल्याङ्कन भने आश्चर्यजनक रूपमा एउटै छ । नयाँ ठिटोले पानी ल्याएर उसको टेबुलमा राखेको छ । प्लेटहरू उठाउने क्रममा पानीको गिलास ढलेको छ । मनीषले ‘ए ए यो गरेको’ भन्दाभन्दै पानी उसको पाइन्टमाथि पोखिएको छ । ऊ उभिएर पानी टकटकाउनतिर लागेको छ । काम गर्ने ठिटो हातमा प्लेट-रिकापीसहित अलि पर उभिएर असहाय भावले हेरिरहेछ र भनिरहेछ, ‘सरी सर ! गल्ती भयो ।’ गाउँको भए पनि, ‘सरी सर, गल्ती भएछ,’ भन्न जानेको रहेछ । आधुनिक शिक्षाको देन हो यो, मनीषले सोच्यो । मनीषलाई एक क्षण त झनक्क रीस नउठेको होइन तर ठिटोले ‘सरी सर, गल्ती भयो’ भनेको सुनेपछि उसले हाँसो थाम्न सकेन, हाँस्दै भन्यो, ‘केही छैन, हुनु भैगो । तिमीले गलत मान्छेमाथि पानी पोख्यौ तर काम गर्दा होश गर ।’ मनीषलाई यो भन्न मन लागिरहेथ्यो हाकिमले झैं, ‘उन्नति-प्रगति तिम्रो आफ्नै हातमा छ ।’ जाहेर छ, भनेन ।

*-साहित्यपोस्ट डटकम*

# आज विश्व मधुमेह दिवस मनाइँदै




**पाल्पा,** कार्तिक २८/आज विश्व मधुमेह दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । विश्व स्वास्थ्य संगठनको आह्वानमा सन् १९९१ देखि हरेक बर्ष नोभेम्वर १४ का दिन यो दिवस मनाउन थालिएको हो ।

मधुमेह अर्थात् डायबिटिजको समस्या पछिल्लो पटक सामान्य जस्तै हुन थालेको छ । जुनसुकै उमेर समूहका व्यक्तिमा पनि यो समस्या देखिने सम्भावना रहने चिकित्सक बताउँछन् । नियन्त्रणमा राख्न सके यो समस्या जति सामान्य हो अनियन्त्रित हुँदा त्यति नै घातक पनि हुन्छ । रगतमा ग्लुकोजको मात्रा निर्धारितस्तर भन्दा बढी हुँदा मधुमेह रोग हुने गर्छ । यो रोग लाग्दा शरीरमा आवश्यकताभन्दा कम इन्सुलिन बन्न थाल्छ । यसले गर्दा ग्लुकोज समुचित रूपले डढेर ऊर्जामा परिवर्तन हुन पाउँदैन र त्यही कारण रगतमा ग्लुकोजको मात्रा बढ्छ । चिकित्सकहरूका अनुसार अव्यवस्थित जीवनशैलीदेखि वंशाणुगतसम्मका कारणले मधुमेह हुन सक्दछ । मधुमेह नियन्त्रणमा राख्न नसके मिर्गौला, मुटुलगायतका अङ्गलाई असर पार्न सक्छ । यो रोग लाग्न नदिन र लागिसकेपछि पनि सुरक्षित जीवन बिताउन नियमित व्यायाम, सन्तुलित आहार विहार र व्यवस्थित जीवनशैली अपनाउनुपर्ने चिकित्सक बताउँछन् । मधुमेहका कारण स्वास्थ्यमा अनेक समस्या आउन सक्ने भएकाले समयमै सतर्कता अपनाउन जरुरी छ । यसका लागि वर्षमा कम्तीमा १ पटक स्वास्थ्य परीक्षण गराउनै पर्ने चिकित्सक बताउँछन् । मधुमेहसम्बन्धी जनचेतना फैलाउने, रोकथामका उपायबारे कुरा गर्ने, मधुमेहबाट हुन सक्ने खतराबाट जोगिन गर्नुपर्ने सावधानीसम्बन्धी जनचेतना फैलाउने, मधुमेह लाग्नबाट गर्नुपर्ने उचित बानी-व्यवहार, खानपान आदि कुराको विश्वव्यापी रूपमा जानकारी दिनु नै यो दिवसको मुख्य उद्देश्य हो । नेपालमा करीब १० लाख मानिस मधुमेह रोगबाट प्रताडित रहेको अनुमान गरिएको छ ।

दैनिक खानपानमा ध्यान दिने, नियमित ब्यायाम गर्ने, तनावमुक्त जीवनशैली अपनाउँदा मधुमेहबाट बच्न सकिने चिकित्सकहरुको सुझाव छ । खानामा कार्वोहाइडेटको मात्रा बढी, चिल्लो र गुलियो पदार्थ बढी हुँदा पनि मधुमेहको सम्भावना अधिक हुने चिकित्सकहरुले जनाएका छन् । त्यस्तै कुकुर पालेर योसंग खेल्ने र दौडिने अभ्यास गर्दा पनि फाईदा हुने सुझाव विज्ञहरुको छ ।

## खेलकुद समाचार

### नेपाली युवा टोली १ विकेटले पराजित



**काठमाडौं,** कार्तिक २८/भारतको कर्नाटकको १९ वर्षमुनिको टोलीसँगको पहिलो खेलमा १९ वर्षमुनिको नेपाली क्रिकेट टोली १ विकेटले पराजित भएको छ । नेपाली युवा टोलीले दिएको १ सय १४ रनको लक्ष्य कर्नाटकको टोलीले ३२ ओभरमा ९ विकेट गुमाउँदै भेटायो । कर्नाटकका रोहितले ३३ रन बनाए । नेपाली टोलीका कप्तान हेमन्त धामी र सन्तोष यादवले ३/३ विकेट लिए । यसअघि मूलपानी क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको नेपाली युवा टोली २७ ओभर २ बलमा १ सय १३ रनमा अलआउट भयो । नेपालका आकाश त्रिपाठीले सबैभन्दा धेरै २७ रन बनाए । कर्नाटकको टोलीका पुथिगेले ५ विकेट लिए । नेपाली युवा टोलीले एशिया कपअघिको अन्तिम तयारी स्वरूप कर्नाटकको टोलीसँग ५० ओभरको पाँच वटा अभ्यास खेल खेल्न लागेको हो । शृङ्खलाको दोस्रो खेल पर्सि शुक्रबार हुनेछ । यस्तै तेस्रो खेल मङ्सिर २ गते, चौथो खेल मङ्सिर ४ गते र पाँचौं तथा अन्तिम खेल मङ्सिर ६ गते हुनेछ । यो अभ्यास खेलपछि नेपाली युवा टोली एशिया कपका लागि यूएई जानेछ ।

## अर्थ/कर्पोरेट समाचार

### निरन्तर ओरालोमा नेप्से

**पाल्पा,** कार्तिक २८/सेयर कारोबार मापक नेप्से परिसूचक निरन्तर ओराला लागेको छ । मंगलबार ११ दशमलव २४ अंकले घटेको नेप्से बुधबार पनि ओरालो यात्रामा लागेको हो ।

साताको चौथो सेयर कारोबार दिन बुधबार नेप्से परिसूचक १४ दशमलव १२ अंकले घटेर २ हजार ७ सय ३४ दशमलव ८३ विन्दुमा पुगेको छ । सेन्सेटिभ इण्डेक्स ५ दशमलव ०८ अंकले घटेर ४ सय ८३ दशमलव ६९ विन्दुमा पुगेको छ । यसदिन ३ सय ८ स्क्रिप्सको १ करोड ५३ लाख ६२ हजार २ सय ६ कित्ता सेयर ७ अर्ब ९१ करोड १९ लाख ७६ हजार ४ सय ४९ रुपैयाँमा खरिदबिक्री भयो । नेप्से दोहोरो अंकले घटेपनि पाँच कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । सप्तकोशी डेभलपमेन्ट बैंक,सिर्जनशील लघुवित्त संस्था,मकर जितुमाया सुरी हाइड्रोपावर, पोखरा फाइनान्स र सृमद्धि फाइनान्सको सेयर १० प्रतिशतले बढेको हो । यसदिन कुथेली बुखारी स्मल हाइड्रोपावरका लगानीकर्ताले गुमाए । सो कम्पनीको सेयर १० प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा जानकी फाइनान्स शीर्षस्थानमा रह्यो । सो कम्पनीको ३३ करोड बढिको सेयर कारोबार भयो । पोखरा फाइनन्सले २५ करोडको सेयर कारोबार गर्दा सप्तकोशी डेभलपमेन्ट बैंक र समृद्धि फाइनान्सको २१/२१ करोड र पिपुल्स हाइड्रोपावरले १८ करोड मूल्य बराबरको सेयर कारोबार गरे ।

## मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुयाउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउछ ।

**त्यसैले मधुमेहबाट बच्न**
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य (ग्लुकोज) परिकार कम खाऔं, - पेय पदार्थ, जंक फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं, धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं.
- तनाव व्यवस्थापन गरौ,
- नियमित स्वास्थ्य परिक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हट्यो डोकोमा...

...पहिला खोलाको छेउमा तरकारी लगाउने गरेका मौलाथुम्कीवासीलाई अहिले घर-घरमा तरकारीलगायत अन्य खेती गर्न सहज भएको हुनुका साथै समयको समेत बचत भएको छ ।

देवचुली नगरपालिका र वास नमूना गाउँ परियोजनाको सहयोग तथा स्थानीयको श्रमदानमा १५ लाख ३९ हजार लागतमा एक घर, एक धारा निर्माण गरिएको हो । स्थानीयलाई खानेपानीको समस्या भएपछि वास नमूना गाउँ परियोजनासँग सहकार्य गरी खानेपानीको विस्तार गरिएको देवचुली नगरपालिकाका प्रमुख हरिप्रसाद न्यौपानेले बताए । पानीको सहजताले घरमा सबैको समय बचत भएको साथै कृषि तथा पशुपालन सहयोग पुगेको मौलाथुम्की खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष गिरिप्रसाद बरालले बताए । 'पहिला नगरपालिकाले सानो खानेपानी ट्याङ्की बनाएको थियो, गाउँका सबैले त्यहाँबाट डोकामा पानी बोक्नुपर्ने बाध्यता थिया', उनले भने । अहिले सबैको घरमा तरकारी उत्पादन भएपछि तरकारी किनेर खानुपर्ने बाध्यता पनि हटेको छ । देवचुली नगरपालिका र वास नमूना गाउँ परियोजनाको साझेदारीमा मौलाथुम्कीमा खानेपानी तथा सरसफाइ अभियान सञ्चालन गरिएको परियोजनाका व्यवस्थापक प्रवीण घिमिरेले बताए । परियोजनाले देवचुली-५ र ६ मा ग्रामीण खानेपानी स्तरोन्नतिसँगै समुदायमा सरसफाइसम्बन्धी अभियान सञ्चालन गर्दै आएको छ । *-रासस*

वर्गिकृत डिस्प्ले
*१ X ५ साइजमा मात्र*
वर्गिकृत डिस्प्लेमा
विज्ञापन दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

रैनादेवी छहरा गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा

## आशय पत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०७/२९**

मिति २०८१/०६/२३ गते नव जनचेतना राष्ट्रिय दैनिक पत्रिकामा क्रमश प्रकाशित सूचना तथा **www.bolpatra.gov.np/egp** समेत प्रकाशित सूचना अनुसार रीतपुर्वक पेश भएका शिलबन्दीहरु दरभाउपत्र मध्ये तपसिल ठेक्का नम्बर र शिलबन्दीहरु दरभाउपत्रदाताको शिलबन्दीहरु दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं | आयोजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|
| RRM/PAL/G/SQ-07/2081-82 | Purchase supply and Delivery of Stationery items | प्यारागन इन्टरनेशनल ट्रेड सप्लायर्स,बुटवल-१०,रुपन्देही | रु. ७,०७,९४०.०० (मु.अ कर बाहेक) |

*प्रमुख प्रशासकीय अधिकृत*

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## अमर नारायण गुठी व्यवस्थापन समितिको अत्यन्त जरुरी सूचना !

गुठी संस्थान केन्द्रीय कार्यालयमा देबस्थल व्यवस्थापन समिति गठन, पुर्नगठन र सञ्चालन बारे नयाँ कार्यविधि निर्माण अन्तिम चरणमा रहेकोले तदनुरुप गर्ने गरी हाललाई भेला स्थगित गर्ने राय दिए अनुरुप यही कार्तिक ३० गते बोलाएको भेला स्थगित गरिएको छ । गुठी संस्थानसँगको परामर्शमा पछि हुने भेला बारे समयमै सूचना प्रकाशित हुने व्यहोरा जानकारी गराउँदछौं ।

नारायण प्रसाद कोइराला
अध्यक्ष एवं
श्री ७ अमरनारायण गुठी व्यवस्थापन समिति
तानसेन, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई